# हल्दीवारी राजपत्र

हल्दीवारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ३) झापा, १ नं प्रदेश, नेपाल, भाद्र २४ गते २०७६ साल ( संख्या ५

## भाग १

**हल्दीबारी गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यालय

झापा, १ नं प्रदेश नेपाल

हल्दीबारी गाउँपालिकाको गाउँकार्यपालिकाले वनाएको तल लेखिए वमोजिमको हल्दीबारी गाउँपालिकाको कृषक लक्षित कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०७६ को ऐन/नियमावली/निर्देशिका/कार्यविधि नं ५

# हल्दीबारी गाउँपालिकाको कृषक लक्षित कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावना** : "**हल्दीबारीको दृष्टि, कृषि र पर्यटन मार्फत समृद्धि**" मुल लक्ष्य प्राप्ति गर्न चौथो गाउँसभा अधिवेशनद्धारा पारित **किसानको खुशी, पशुपालन र कृषि तथा हल्दीबारीको बाचा, झापाभरी माछा** कार्यक्रमको प्रत्यक्ष कृषक लक्षित कार्यक्रम कार्यान्वयन गर्न स्वीकृत बजेटको परिधि भित्र रही गाउँपालिकाबाट यस क्षेत्रभित्रका उद्यमशील कृषकहरुलाई अनुदान समेतको व्यवस्था गरी कृषि, पशु र मत्स्य पालन उद्यम मार्फत व्यवसायिक समेत बनाउदै उनीहरुको जीवनस्तर अभिवृद्धि गर्ने ध्येयका साथ गाउँपालिकाबाट वितरण गरिने अनुदानमा पारदर्शिता समेत ल्याउनका लागि हल्दीबारी गाउँ कार्यपालिकाको मिति २०७६।०५।२३ मा बसेको बैठकले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ ।

१. **संक्षिप्त नाम, र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "**हल्दीबारी गाउँपालिकाको कृषक लक्षित कार्यक्रम सञ्चालन कार्यविधि, २०७६**" रहेको छ ।

(२) यो कार्यविधि हल्दीबारी राजपत्रमा प्रकाशन भएपछि हल्दीबारी गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

२. **विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा-**

(क) "**अति विपन्न परिवार**" भन्नाले गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने कुनै परिवारको स्वामित्वमा जग्गाजमिन नभई दैनिक जीवनयापन धान्नकै लागि समस्यामा परेको परिवार भनी सम्बन्धित वडाले गरेको सिफारिश बमोजिमको परिवारलाई सम्झनुपर्छ ।

(ख) "**कार्यक्रम**" भन्नाले गाउँपालिकाको चौथो गाउँसभा अधिवेशनबाट पारित किसानको खुशी, पशुपालन र कृषि तथा हल्दीबारीको बाचा, झापाभरी माछा कार्यक्रम भित्रका साझेदारी तथा अनुदानमा सञ्चालन गरिने कार्यक्रम तथा कियाकलाप सम्झनुपर्छ र सो शब्दले गाउँपालिका मातहतका सबै वडाको सोही प्रकृतिका कृषक लक्षित कार्यक्रम तथा कियाकलाप समेतलाई सम्झनुपर्छ ।

(ग) "**कार्यपालिका**" भन्नाले हल्दीबारी गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(घ) "**कार्यालय**" भन्नाले हल्दीबारी गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ र सो शब्दले चौथो गाउँसभा अधिवेशनबाट स्वीकृत वडाको बजेट सिलिङ्गभित्रको कृषि र पशु तर्फका कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा सम्बन्धित वडाको वडा कार्यालय समेतलाई सम्झनुपर्छ ।

(ङ) "**कार्यविधि**" भन्नाले " हल्दीबारी गाउँपालिकाको कृषक लक्षित कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" लाई सम्झनुपर्छ ।

(च) "**कृषक**" भन्नाले विगतदेखी नै गाउँपालिका क्षेत्रभित्र कृषि पेशा अवलम्बन गर्दै आएका पुराना कृषक वा दर्तावाल कृषक समुह वा दर्तावाल कृषि फर्म वा सहकारी संस्था वा खण्ड (क) बमोजिमको अति विपन्न परिवार समेतलाई सम्झनुपर्छ ।

(छ) "**गाउँपालिका**" भन्नाले हल्दीबारी गाउँपालिकालाई सम्झनुपर्छ ।

(ज) "**वडा**" भन्नाले हल्दीबारी गाउँपालिका मातहतका वडालाई सम्झनुपर्छ ।

(झ) "**समिति**" भन्नाले यसै कार्यविधिको नियम ५ को उपनियम (१) तथा सोही नियमको उपनियम (२) बमोजिमको समिति समेतलाई सम्झनुपर्छ ।

(ञ) "**स्वीकृत बजेट**" भन्नाले चौथो गाउँसभा अधिवेशनबाट पारित आर्थिक विकास शीर्षकको किसानको खुशी, पशुपालन र कृषि तथा हल्दीबारीको बाचा, झापाभरी माछा कार्यक्रममा साझेदारी वा अनुदानमा कार्यक्रम सञ्चालन गरिने कार्यक्रम तथा कियाकलापका लागि स्वीकृत बजेटलाई सम्झनुपर्छ र सो शब्दले सोही प्रकृतिका गाउँपालिका मातहतका सबै वडाको सिलिङभित्रको स्वीकृत बजेट समेतलाई सम्झनुपर्छ ।

हल्दीबारी

३. **<u>पारदर्शी प्रकृयाको अवलम्बन गरी कार्यक्रम सञ्चालनका लागि कृषक छनोट गर्नुपर्ने</u>** : (१) समितिले कम्तीमा पन्ध्र दिन अगावै कार्यक्रम सञ्चालनका लागि कार्यविधिले उल्लेख गरेका कार्यक्रम बाँडफाँड एवम् मापदण्डको अधीनमा रही इच्छुक कृषकहरुलाई लक्षित गरी सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) इच्छुक कृषकहरुले उपनियम (१) बमोजिमको सूचनामा तोकिएका सबै विषयहरु उल्लेख गरी कार्यक्रममा सहभागिताका लागि कार्यालयमा आवेदन दर्ता गराउनु पर्नेछ ।

(३) समितिले उपनियम (२) बमोजिम कार्यालयमा रीतपुर्वक दर्ता हुन आएका आवेदन उपर छानवीन गरी स्वीकृत कार्यक्रम बाँडफाँड र मापदण्डको परिधी भित्र रही कार्यक्रमका लागि नियम ४ मा उल्लिखित मापदण्डका आधारमा कृषकको छनोट गरी कार्यालयमा सिफारिश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम समितिले गरेको निर्णयमा चित्त नबुझ्ने कृषकले नियम १० बमोजिमको कार्यक्रम कार्यान्वयन निर्देशक समिति समक्ष निर्णय सार्वजनिक भएको मितिले पाँच दिनभित्र स्पष्ट आधार र कारण सहित उजुरी दर्ता गराउन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम परेको उजुरीको सम्बन्धमा उजुरी दिने म्याद समाप्त भएको मितिले तीन दिनभित्रमा कार्यक्रम कार्यान्वयन निर्देशक समितिले निर्णय दिनु पर्नेछ र कार्यक्रम कार्यान्वयन निर्देशक समितिले दिएको निर्णय अन्तिम हुनेछ ।

४. **<u>कार्यक्रम सञ्चालनका लागि कृषक छनोटको मापदण्ड</u>** : (१) समितिले स्वीकृत बजेट भित्रको कृषक लक्षित कार्यक्रमका लागि देहाय बमोजिम अंकभार सहितको मापदण्डका आधारमा कृषक छनोट गर्नु पर्नेछ :-

(क) बढी लागत सहभागिता व्यहोर्ने प्रतिबद्धता वापत्- अधिकतम ५० अंक

(यस खण्डको प्रयोजनका लागि कुल ५० अंकमध्ये ५० प्रतिशत लागत साझेदारी व्यहोर्ने कृषकलाई ४५ अंक, ५१ प्रतिशतदेखी ६० प्रतिशतसम्म लागत साझेदारी व्यहोर्ने कृषकलाई ४८ अंक र ६१ प्रतिशतभन्दा बढी लागत साझेदारी व्यहोर्ने कृषकलाई ५० अंक प्रदान गरिनेछ)

(ख) सम्बन्धित प्राविधिकको प्रतिवेदन वापत्- अधिकतम १५ अंक

(यस खण्डको प्रयोजनका लागि कुल १५ अंकमध्ये विगतदेखी नै न्युनतम पूर्वाधार सहित कार्यक्रमसँग सम्बन्धित पेशा अवलम्बन गर्दै आएका पुराना कृषकलाई १५ अंक र नयाँ कृषकलाई १३ अंक प्रदान गरिनेछ)

(ग) कृषकको आर्थिक अवस्था वापत्- अधिकतम २५ अंक

(यस खण्डको प्रयोजनका लागि कुल २५ अंकमध्ये सम्बन्धित वडाले सामान्य आर्थिक अवस्थाको कृषक भनी गरेको सिफारिश वापत् १५ अंक र कमजोर आर्थिक अवस्थाको कृषक भनी गरेको सिफारिश वापत् २५ अंक प्रदान गरिनेछ)

(घ) जग्गाको क्षेत्रफल तथा स्वामित्व वापत्- अधिकतम १० अंक

(यस खण्डको प्रयोजनका लागि कुल १० अंकमध्ये कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने जग्गा आफ्नै स्वामित्वमा भएको कृषकलाई १० अंक र पाँच वर्ष वा सोभन्दा बढी अवधिका लागि लिज/भाडामा जग्गाको बन्दोबस्त गरेका कृषकलाई ८ अंक प्रदान गरिनेछ)

५. **<u>अनुदान सिफारिश समिति</u>** : (१) यस कार्यविधि बमोजिम स्वीकृत गाउँपालिकास्तरीय कार्यक्रम बाँडफाँड सहितको बजेटको परिधि भित्र रही कृषक छनोटदेखी अनुदान वितरणसम्मको सिफारिश गर्नका लागि देहाय बमोजिम अनुदान सिफारिश समिति रहनेछ :-

(क) गाउँपालिकास्तरीय कृषि विकास परिषद्का अध्यक्ष संयोजक

(ख) सबै वडाका वडास्तरीय कृषि विकास समितिका संयोजक सदस्य

(ग) सम्बन्धित विषयगत शाखा प्रमुख सदस्य सचिव

(२) कृषक लक्षित वडास्तरीय आयोजना तथा कार्यक्रमहरुमा कृषक छनोटदेखी अनुदान वितरणसम्मको सिफारिश गर्नका लागि प्रत्येक वडामा देहाय बमोजिम एक अनुदान सिफारिश समिति रहनेछ :-

| | |
|---|---|
| (क) सम्बन्धित वडाको वडा अध्यक्ष | संयोजक |
| (ख) वडास्तरीय कृषि विकास समितिका संयोजक | सदस्य |
| (ग) विषयगत शाखा प्रमुख वा निजले तोकेको कर्मचारी | सदस्य |
| (घ) सम्बन्धित वडाका वडा सचिव | सदस्य सचिव |

६. **कृषकलाई अनुदान उपलब्ध गराइने** : (१) समितिको सिफारिशमा छनोट भएका कृषकलाई स्वीकृत कार्यक्रम एवम् बजेटको परिधिभित्र रही वस्तुगत सामाग्री वा पूर्वाधार निर्माणमा बढीमा पचास प्रतिशत बराबरको अनुदान मात्र कार्यालयले उपलब्ध गराउनेछ ।

७. **कृषकलाई सहुलियत दरमा ऋणको व्यवस्था गर्न गाउँपालिका जमानी बसी दिन सक्ने** : (१) गाउँपालिकाबाट अनुदान पाएका गाउँपालिका क्षेत्रभित्र क्रियाशील सहकारी संघ/संस्थाहरुले ऋण लगानी गर्दा गाउँपालिका क्षेत्रभित्र व्यवसायिक कृषि पेशा अवलम्बन गर्न चाहने कृषकलाई पहिलो प्राथमिकतामा राखी सहुलियत दरमा ऋण उपलब्ध गराइदिन आवश्यकता अनुसार गाउँपालिका जमानीमा समेत बस्न सक्नेछ । यसका लागि गाउँपालिकाले त्यस्ता सहकारी संघ/संस्थाहरुलाई ऋण उपलब्ध गराइदिन औपचारिक अनुरोध गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कार्यलाई व्यवस्थापन गर्नका लागि कार्यक्रम कार्यान्वयन निर्देशक समितिले गाउँपालिकाको तर्फबाट खेल्नु पर्ने भूमिका निर्वाह गर्नेछ, र सोको जानकारी कार्यपालिकामा गराउनु पर्नेछ ।

८. **कबुलियतनामा गर्नु पर्ने** : यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने प्रत्येक कृषकले प्राप्त अनुदानको यथोचित व्यवस्थापन गर्ने सम्बन्धमा कार्यालयले तोकेको ढाँचामा कार्यालय समक्ष कबुलियतनामा गर्नु पर्नेछ ।

९. **अति विपन्न परिवारका लागि विशेष व्यवस्था गर्न सकिने** : (१) यस कार्यविधिको अन्यत्र नियमहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि अति विपन्न परिवार समुह भित्र पर्ने कम्तीमा पाँच परिवार मिली कम्तीमा दश कठ्ठा जग्गा भाडा/लिजमा लिई समुह मार्फत कार्यक्रम सञ्चालनका लागि आवेदन गरेमा समितिको सिफारिशमा कार्यक्रम कार्यान्वयन निर्देशक समितिले त्यस्ता समुहलाई पहिलो प्राथमिकतामा राखी स्वीकृत कार्यक्रम बाँडफाँड बमोजिमको अनुदान उपलब्ध गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको अनुदान कार्यक्रम सञ्चालनका लागि कार्यक्रम कार्यान्वयन निर्देशक समितिले लागत साझेदारीको हिस्सा, कार्यक्रम सञ्चालनको समयावधि लगायतका अन्य विषयहरु उपर आवश्यक निर्णय गर्न सक्नेछ ।

१०. **दोहोरो अनुदान उपलब्ध नगराइने** : (१) यस कार्यविधिको अन्यत्र नियममा जुनसुकै कुरा लेखिएको भएता पनि एउटै प्रकृतिको गाउँपालिकास्तरीय कार्यक्रम र वडाको सिलिङ्गभित्रको कार्यक्रममा एउटै कृषकलाई दोहोरो पर्ने गरी सकभर अनुदान उपलब्ध गराइने छैन ।

(२) विगत आर्थिक वर्षहरुमा गाउँपालिकाबाट अनुदान नपाएका कृषकहरुलाई यस कार्यविधि बमोजिम वितरण गरिने अनुदानमा पहिलो प्राथमिकता दिइनेछ ।

(३) उपनियम (२) बमोजिमको अवस्था नरहेमा मात्र आर्थिक वर्ष २०७४।७५ र २०७५।७६ मा गाउँपालिकाबाट अनुदान पाएका कृषकहरुलाई यस कार्यविधि बमोजिम उपलब्ध गराइने अनुदान वितरणमा सहभागी गराइनेछ ।

११. **कार्यक्रम कार्यान्वयन निर्देशक समिति** : गाउँपालिकामा देहाय बमोजिमको एक कार्यक्रम कार्यान्वयन निर्देशक समिति रहनेछ :-

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) कार्यपालिकाले तोकेको एकजना कार्यपालिका सदस्य | सदस्य |

(घ) प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव

१२. बाधा अड्काउ फुकाउन सक्ने : यस कार्यविधिमा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्न कुनै द्विविधा वा बाधा अड्चन परेमा कार्यक्रम कार्यान्वयन निर्देशक समितिले आवश्यक निर्णय गरी त्यस्तो द्विविधा वा बाधा अड्चन फुकाउन सक्नेछ ।

१३. खारेजी र बचाउ : (१) हल्दीबारीको वाचा, झापाभरी माछा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ र किसानको खुशी, पशुपालन र कृषि कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ खारेज गरिएको छ ।

(२) उपनियम (१) मा उल्लिखित कार्यविधि बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले,
सन्तोष घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

हल्दीबारी राजपत्र